Nepal

Nepali

२००९

# विपद् जोखिम न्यूनिकरण सम्बन्धी शब्दावली

ASIAN DISASTER REDUCTION RESPONSE NETWORK

Published by the Asian Disaster Reduction and Response Network (ADRRN) with the assistance of UNISDR Asia and the Pacific Office, Bangkok.

Nepali edition, 2010
The translation and adaptation of the terminology is developed by National Society for Earthquake Technology (NSET), Nepal.

This publication may be freely quoted or reprinted, but acknowledgment of the source is requested.

२००९

# विपद् जोखिम न्यूनिकरण सम्बन्धी शब्दावली

In 2009, the United Nations International Strategy for Disaster Reduction (UNISDR) developed a UNISDR Terminology on Disaster Risk Reduction. The book was the result of an ongoing review process by the UNISDR and consultations with a broad range of experts and practitioners at various international, regional and national levels. It was developed as part of the Hyogo Framework for Action (HFA) which requested the UNISDR to "update and widely disseminate international standard terminology related to disaster risk reduction."

This Disaster Risk Reduction Terminology Kit, developed by Asian Disaster Reduction and Response Network (ADRRN), builds on the 2009 UNISDR English version. It defines the terms by a single sentence with a comments paragraph underneath to provide additional context, qualification and explanation. The terminology includes words that are central to the contemporary understanding and evolving practice of disaster risk reduction. A number of emerging new concepts that are not in widespread use, but are of growing professional relevance are also incorporated.

This kit goes on to simplify and localize the terminology as much as possible. Involving various members including communities, governments and academic institutions, ADRRN has translated the terminology into nine Asian languages. Each has been vetted by various members post translation to ensure maximum relevancy within the local setting.

At the same time, simple illustrations have been added along with each term to make the terminology accessible to a larger audience.

The kit is beneficial for practitioners on two fronts. First, it will aid the spread of disaster risk reduction knowledge at the local level. Second, it will help standardize definitions of key terms, making it easier to communicate and collaborate on disaster risk reduction activities across the Asian region.

The efforts of the UNISDR Bangkok office and the ADRRN member organizations have been integral to this work. We are equally indebted to the critical support of the Government of Maldives and Government of Afghanistan without whom this publication would not have been possible.

# अनुक्रमणिका


स्वीकार्य जोखिम 04

अनुकूलनः 05

जैविक प्रकोप 06

भवन निर्माण संहिता 07

क्षमता, सक्षमता 08

क्षमता विकास 09

जलवायू परिवर्तन 10

आकस्मिक काल व्यवस्थापनका लागि योजना तर्जुमा 11

प्रकोप सामना (भिडन्त) क्षमता 13

सुधारात्मक विपद् जोखिम व्यवस्थापन 14

नाजुक अवस्थाका लागि सुविधाहरु (अत्यावश्यक सुविधाहरु) 15

विपद् 16

विपद् जोखिम 17

विपद् जोखिम व्यवस्थापन 18

विपद् जोखिम न्यूनिकरण 19

विपद् जोखिम न्यूनिकरण योजना 20

पूर्वचेतावनी प्रणाली 21

जीवपरिवृति पद्धतिका सेवाहरु 22

एल निनो-दक्षिणी समुद्री स्वभाव 23

आपत्कालीन व्यवस्थापन 24

आपत्कालीन सेवाहरु 25

वातावरणीय ह्रास 26

वातावरणीय प्रभाव मूल्याकंन 27

सम्मुखता 28

विस्तीर्णवा व्यापक जोखिम 29

पूर्वानुमान 30

भौगर्भिक प्रकोप 31
हरितगृह ग्याँसहरु 32
प्रकोप 33
जल तथा मौसमविज्ञान सम्बद्ध प्रकोप 34
सघन वा तीव्र जोखिम 35
भू-उपयोग योजना 36
अल्पीकरण 37
विपद् जोखिम न्यूनिकरणका लागि राष्ट्रिय मञ्चः 38
प्राकृतिक प्रकोपः 39
पूर्वतयारीः 40
निवारण 41
संभाव्य विपद्जोखिम व्यवस्थापन 42
जनचेतना 43
पुनर्लाभ 44
अवशिष्ट जोखिम 45
उत्थानशीलता 46
प्रतिकार्य 47
प्रवलीकरण 48
जोखिम 49
जोखिम लेखाजोखा 50
जोखिम व्यवस्थापन 51
जोखिम स्थानान्तरण 52
सामाजिक-प्राकृतिक प्रकोप 53
संरचनागत तथा गैर-संरचनागत उपायहरु 54
दिगो विकास 55
प्रविधिगत प्रकोप 56
संकटासन्नता 57

# स्वीकार्य जोखिम

(कुनै) समाज वा समुदायले विद्यमान सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, प्राविधिक तथा वातावरणीय अवस्थालाईविचार गरेर स्वीकार्यभनी ठहऱ्याएको संभावित क्षतिको स्तर जस्तैबाध र बच्चो ।

**टिप्पणी**: इन्जिनियरिङ्ग शब्दावलीमा "स्वीकार्यजोखिम" "Acceptable Risk" भन्ने भाव संरचनात्मक वा गैर-संरचनात्मक प्रणालीको लक्षित सुदृढताको आकंलनभित्र संन्निहित हुन्छ । जस्तै निर्माण संहिताले अमुक स्तरको लाभ प्राप्त गर्नसकिन्छ तथा खर्चलाभको त्यो समीकरणले प्रकोपद्धारा हुनसक्ने जनधन औसेवा र प्रणालीमा समाजमा चित्त बुझ्दो तवरले संभावित हानी नोक्सानलाईन्यून पार्दछ । यस्ता उपायहरु लेखाजोखा गर्नवा परिभाषित गर्नपनि उपयोग गरिन्छ जुन प्रकोप वा अन्य कारक तत्वहरुको संभाव्यतामा आधारित संहिता (Codes) वा "प्रचलित अभ्यास (Accepted Practice)"का अनुसार मानवीय, पूँजीगत, सेवामूलक तथा प्रणालीगत क्षेत्रहरुमा हुनसक्ने संभावित हानी नोक्सानीलाईखास सहनशीलताको स्तर (Chosen Tolerated Level) सम्म न्यून पार्नआवश्यक पर्दैन ।



# अनुकूलन

प्राकृतिक तथा मानवीय कृयाकलाप औप्रणालीमा गरिने समायोजन प्रकृया जसले गर्दावास्तविक वा अपेक्षित जलवायू अदलबदल (Climatic Stimuli) वा त्यस्ता प्रभावहरुबाट हुने हानी-नोक्सानीको अल्पीण तथा तद्जन्य उपयोगी अवसरहरुबाट अधिकतम लाभ लिन सकिन्छ । जस्तैहुरी, रुख र ओत लागेको मानिस ।

**टिप्पणी**: यस परिभाषाले जलवायू परिवर्तनको सरोकारहरुलाईसम्बोधन गर्दछ । यसको स्रोत जलवायू परिवर्तनसम्बन्धी राष्ट्रसंघीय कार्यसंरचना महासभा (UNFCCC) द्वारा प्रतिपादित "अनुकूलन" भन्ने अभिव्यक्तिको व्यापक आवधारणा भित्र "जलवायू" संग सम्बन्ध नरहेका टडकारो भू-स्खलन जस्ता कारक प्रकृया वा परिणाम समेत समावेश हुन सक्छन्। परिर्वतन बाहेकका विषयहरु जस्तैभू-स्खलन, अथवा जमिन धस्कनु (Surface Subsidence) मा समेत लागू हुन्छ । अनुकूलनको प्रकृया विभिन्न प्रकाले हुन सक्छ । उदाहरणका लागि बजार परिवर्तनमार्फत अथवा अनुकूलन प्रकृयालाईसहयता पुग्ने किसिमका सरकारी नीति तथा योजनाहरुको परिणामको फलस्वरुप विपद्जोखिम न्यूनिकरणका अधिकांश उपायहरुले अनुकूलन कार्यलाईबढावा दिन योगदान दिन्छन्।



# जैविक प्रकोप

जैविक (Organic) प्रकृतिका प्रक्रिया वा घटना जसका कारणले ज्यानको नोक्सानी घाइते, विरामी वा स्वास्थ्य सम्बन्धी अन्य असरहरु, धनमालको क्षति, आजीविका र सेवाहरुको नोक्सानी, सामाजिक-आर्थिक गतिरोध वा वातावरणीय ह्रास निम्त्याउँछ । यसमा रोग उत्पादक सूक्ष्म जीव, विषालु पदार्थवा जैविकरुपले सक्रिय पदार्थहरुसँगको सम्मुखतालगायत जैविक किटाणुद्वारा प्रवाहित हुने प्रक्रिया वा घटना पर्दछन् ।

**टिप्पणी:** जैविक प्रकोपको उदाहरण महामारीका रोग-व्याधि, वनस्पति वा जनावरहरुमा लाग्ने सरुवा रोग, प्लेग, सलह आदि पर्दछन् ।



# भवन निर्माण संहिता

मानवीय सुरक्षा तथा समाजिक भलाइ सुनिश्चित गर्नेप्रायोजनको खातीर भवनको डिजाइन, निर्माण पद्धति, निर्माण सामग्री, मर्मत र थपघट तथा उपयोग आदी भवनका विभिन्न पक्षहरुलाईनियमन गरी भवनको संरचनात्मक सुरक्षा र क्षति प्रतिरोधात्मक क्षमता सुनिश्चित गर्नराज्यद्वारा प्रतिपादित अध्यादेश वा विनियमहरु तथा सम्बद्ध मापदण्डहरुलाईभवन निर्माण संहिता भनिन्छ ।


**टिप्पणी**: भवन निर्माण संहितामा प्राविधिक (Technical) तथा कार्यपद्धति सम्बन्धित (Functional) दुबैखालका मापदण्डहरु समाविष्ट हुन सक्छन्। ती दस्तावेजमा अन्तर्राष्ट्रिय अनुभवबाट प्राप्त ज्ञानलाईसमाहित गरिनुका साथैतिनलाईराष्ट्रिय र स्थानीय परिस्थितिहरुसँग समेत राम्ररी अनुकूल बनाइएको हुनपर्छ। भवन निर्माण संहिताको प्रभावकारी कार्यान्वयनका लागि नियम कानुनको पालना गर्नेगराउने संस्कार र पद्धति अत्यावश्यक हुन्छ ।



# क्षमता, सक्षमता

समुदाय, समाज वा संघ-संस्थामा अन्तर्निहित विभिन्न प्रकारका शक्ति, वा सबलताहरु, विशेषताहरुका साथैत्यस्ता उपलब्ध स्रोत-साधनहरु जसलाईसर्वस्वीकृत लक्ष्य प्राप्तिका लागि उपयोग गर्नसकिन्छ ।


**टिप्पणीः** क्षमता भन्नाले पूर्वाधार तथा भौतिक साधनहरु, संस्थानहरु, प्रकोप सामना गर्नसक्ने सामाजिक दक्षताहरुकासाथैमानवीय ज्ञान, सीप तथा समूहगत विशेषताहरु जस्तैसामाजिक पारस्पारिकता, नेतृत्व एवं व्यवस्थापन कौशल आदि समेत पर्दछन्। क्षमता (Capacity) लाई योग्यता वा दक्षताको रुपमा पनि व्याख्या गर्नसकिन्छ। क्षमता लेखाजोखा (मूल्याकंन) (Capacity Assessment) यस्तो पद्धति जसबाट अपेक्षित लक्ष्यहरुको कसीमा राखेर समाज वा संस्थाका विद्यमान क्षमता/दक्षताको उपलब्धताका साथैकमी कमजोरी औल्याईनपुग दक्षता परिपूर्णक लागि गर्नुपर्नेकाम समेत पहिल्याइन्छ साथैभावी कार्ययोजनका लागि कमी कमजोरी समेत पहिचान गर्नसकिन्छ ।



# क्षमता विकास

त्यस्तो पद्धति जसले जनता संघसंस्थाहरु तथा समाजलाईसमयको अन्तरालमा ज्ञान, सीप, प्रणाली तथा संगठन सुधारका माध्यमबाट सामाजिक एंव आर्थिक लक्ष्य प्राप्त गर्नव्यवस्थित ढंगले उप्प्रेरित गर्नेर तिनीहरुको क्षमताहरुको विकास गर्नेकार्यलाईसघाउँछ । विशेष गरी ज्ञान, सीप, प्रणाली तथा संगठन क्षमताको अभिबृद्धि मार्फत समूदाय, संस्था र समाजले सामाजिक तथा आर्थिक विकाशका लक्ष्यहरु परिपुर्तिका लागि आवश्यक सामर्थबढावा गर्नका लागि गरिने सतत्प्रयास र प्रकृयाहरु ।

**टिप्पणी**: क्षमता विकास एउटा यस्तो व्यापक अवधारणा हो जसले "क्षमता अभिवृद्धि" (Capacity Building) भन्ने पदावलीको अर्थलाईलामो समयमा गरिने क्षमता सृजना तथा अभिबृद्धिको दीगोपनाका सम्पूर्णपक्षहरुलाईआत्मसात गर्नेगर्दछ । यसले समुचित सामाजिक एवं सांस्कृतिक वातावरण निर्माणका लागि गरिने निरन्तर पहललाईसमेत समेट्दछ । यो पदावलीले एकतर्फ विभिन्न खालका तालीम र ज्ञान आर्जनको प्रकृयाहरुलाईबुझ्ाउछ भने अर्कोतर्फसामाजिक एवं राजनैतिक चेतना अभिबृद्धि, सांगठिक विकाश भन्ने बुझ्ाउदछ ।




# जलवायू परिवर्तन

क) जलवायू परिवर्तका लागि अन्तरसरकारी समूह (IPCC) को परिभाषा: जलवायूको अवस्थामा दशकौवा अझैबढी अवधिसम्म अनवरत रुपमा हुने वा भैरहने परिवर्तन जसलाईतथ्याकं विश्लेषणको माध्यमबाट औसत मानमा हुने परिवर्तनको परिमाणबाट पहिचान गर्नसकिन्छ । जलवायू परिवर्तनको कारण प्राकृतिक रुपमा हुने आन्तरिक प्रक्रिया, वा बाह्य कारक तत्वहरु (External Forcing), वा मानवजन्य क्रियाकलापले वायूमण्डलको बनोट वा भू-उपयोगमा ल्याउने निर्वाध परिवर्तन हुन्।

ख) जलवायू परिवर्तन सम्बन्धी राष्ट्रसंघीय संरचना महासभा (UNFCCC) को परिभाषा: प्रत्यक्ष वा अप्रत्यक्षरुपमा मानव क्रियाकलापले गर्दाविशवव्यापी रुपमा वायूमण्डलको बनोटमा आउने जुन तुलनात्मक समयावधिहरुमा देखिने प्राकृतिक खाल्का बलदलावहरु भन्दा भिन्न परिवर्तन वा अतिरिक्त खालका हुन्छन्।

**टिप्पणी**: विपद्जोखिम न्यूनिकरणको सन्दर्भमा अवस्था अनुसार उपरोक्त परिभाषाहरु मध्ये कुनै पनि उपयुक्त हुन सक्छ । UNFCCC को परिभाषा अलि बढी साँघुरो खालको छ किनकि यसले प्राकृतिक कारणहरुबाट हुने जलवायू परिवर्तनको पक्षलाईसमेटेको छैन । IPCC को परिभाषालाई लोकप्रिय ढंगले संप्रेषण गर्नेध्येयले यसरी पुनर्संयोजित गर्नसकिन्छ :

"दशकौं वा अझ लामो समयावधिसम्म कायम जलवायू को अवस्थामा प्राकृतिक कारणहरु वा मानव क्रियाकलापले गर्दा आउने परिवर्तन" मानवीय कृयाकलापको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव जुन कारणले गर्दाजलवायुमा त्यस्तो परिवर्तन जो तुलनात्मक समय अवधि भित्र सामान्य बदलाव भन्दा बढी तडकारो देखिन्छ ।



## आकस्मिक काल व्यवस्थापनका लागि योजना तर्जुमा

व्यवस्थापनको एक त्यस्तो प्रकृया जसले समाज वा वातावरणलाईक्षति पार्नसक्ने संभावित प्रकोप घटनाहरु वा परिस्थितिमा विद्यमान भएका परिवर्तनको विश्लेषण गर्दछ र त्यस्ता घटना वा परिस्थितिहरुलाईप्रभावकारी एवं सही ढंगले सामना गर्नसक्षम हुने गरी समयमैप्रबन्ध समेत मिलाउँछ ।


**टिप्पणी**: आकस्मिक काल व्यवस्थापनका लागि योजनामा प्रत्येक सरोकारवालाको भूमिका, साधन-स्रोत, संचार पद्धतिहरु एवं विशिष्ठ अवस्थाको लागि विशिष्ठ कार्यसमूहको पूर्वप्रबन्ध जस्ता विषयहरुको स्पष्ट एवं उद्धेश्यमूलक वाडफाड गरिएको हुन्छ । यस्तो योजना संभावित आपतकालीन अवस्थाको पूर्वानूमान वा विपद्का घटनाको परिदृश्यका आधारमा योजना तर्जुमा गरिन्छ । यस योजना प्रकृयाले जिम्मेवार कार्यसमूहलाईसंकटको बेलामा उत्पन्न हुनसक्ने समस्याका बारेमा अनुमान गर्न, दृष्टिकोण बनाउन र समाधान गर्नसघाउँछ । आकस्मिककाल व्यवस्थाका योजना तर्जुमा आफैमा प्रकोप पूर्वको वृहत्पूर्वतयारी कार्यको एउटा महत्वपूर्णअंश हो । यसलाई नियमितरुपमा अद्यावधिक गर्नुर अभ्यास समेत गर्नुआवश्यक हुन्छ । आकस्मिककाल व्यवस्थापन योजनामा प्रत्येक सरोकारवाला संस्था वा पदाधिकारी एवं श्रोत साधनहरुको स्पष्ट एवं उद्धेश्य परक रुपमा कार्यहरु तथा अधिकारका वाडफाड ।



# प्रकोप सामना (भिडन्त) क्षमता

उपलब्ध साधन, स्रोत, ज्ञान र सीपको समुचित उपयोग गरी कुनैपनि प्रतिकूल अवस्था वा आपतकाल वा विपद्‌को अवस्थामा परिस्थितिको सामना तथा व्यवस्थापन गर्नव्यक्ति, समुदाय एवं संघसंस्थाहरुमा निहित क्षमता ।

**टिप्पणी**: प्रकोपको सामना सक्षमता सुनिश्चित गर्नुभनेको सामान्य अथवा विपद्‌को अवस्थामा समेत चेतना अभिबृद्धि तर्फको अनवरत प्रयाश, श्रोत साधनको पहिचान एवं कुशल व्यवस्थापन हो । समुदाय वा राज्यमा प्रकोप सामना सक्षमता सुव्यवस्थित हुनु भनेको विपद्‌जोखिम अल्पिकरणको दह्रो खाँवो हो ।



# सुधारात्मक विपद् जोखिम व्यवस्थापन

समाज वा समूदायमा पहिलेदेखि नैविद्यमान विपद्जोखिमलाईसुधार वा अल्पीकरण गर्नेदिशामा सम्बोधन वा प्रयत्न गर्नेखालका व्यवस्थापकीय क्रियाकलापहरु ।


**टिप्पणी**: यो अवधारणाले विद्यमान जोखिमहरु तथा दुईथरिका विपद्जोखिमको अवधारणालाईप्रष्ट पर्दछ । पहिलो त्यस्ता जोखिमहरु जो अहिले विद्यमान छन औजसलाईअल्पिकरण गरि व्यवस्थापन गर्नपर्दछ । दोस्रो, त्यस्ता सम्भाव्य जोखिमहरु पर्दछन्जो हाल विद्यमान छैनन्तर जोखिम अल्पिकरण सम्बन्धि नीति नीयम कानूनको अभावमा अकुशल व्यवहारका कारणले द्रुत गतिमा जन्मी बढन सक्छन् ।



# नाजुक अवस्थाका लागि सुविधाहरु (अत्यावश्यक सुविधाहरु)

प्राथमिक स्थरका त्यस्ता भौतिक संरचनाहरु, प्राविधिक सुविधाहरु तथा पद्धति वा व्यवस्थाहरु जुन समाज वा समुदायलाईनियमित अवस्थामा अथवा अत्यन्त आपतकालीन अवस्थामा समेत सुचारु राख्न सामाजिक, आर्थिक वा कार्य-सञ्चालनका दृष्टिले आवश्यक हुन्छन् ।

**टिप्पणी**: अत्यावश्यक सुविधाहरु भनेका समाजका आवश्यक सेवाहरु सुचारु राख्न सघाउने पूर्वाधारका अन्तरवस्तुहरु हुन्। तिनीहरुमा सडक यातायात प्रणाली, विमानस्थल तथा बन्दरगाहहरु, विद्युत आपूर्ति, खानेपानी, संचार सुविधाहरु, अस्पताल तथा स्वास्थ्य चौकीहरु, बारुणयन्त्र, प्रहरी तथा जन प्रशासन लगायतका सेवाहरु पर्दछन् ।




# विपद्

प्रभावित समाज वा समुदायले आफनैबलबुता र श्रोत साधनको प्रयोग गरी सामना गर्ननसक्ने त्यस्तो गम्भीर प्रकोप जन्य घटना औतद्जन्य मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति जस्ले गर्दासामान्य सामाजिक प्रकृया अवरुद्ध हुनेछ ।

**टिप्पणी**: विपद्भनेको निम्न तिन अवस्थाहरुको सम्मिलित परिणाम भनिन्छ: स
क) प्रकोप सम्मुखता
ख) विद्यमान संकटासन्नता
ग) जोखिमका संभाव्य नकारात्मक परिणामहरुलाईन्यूनिकरण वा सामना गर्नका लागि आवश्यक क्षमता वा विधिहरुको अपर्याप्तता

विपद्का परिणामहरुमा मानव जीवनको नोक्सानी, घाइते अवस्था, रोगहरु र मान्छेको शारीरिक, मानसिक तथा सामाजिक अवस्थामा नकारात्मक प्रभाव, धनमालको क्षति, पूँजीगत विध्वंश, सेवाहरुको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध एवं वातावरणीय ह्रास पर्दछन् ।



# विपद् जोखिम

जीवन, स्वास्थ्य अवस्था, आजीविका, धनसम्पत्ति तथा प्राप्त सेवाहरुमा विपद्बाट हुन सक्ने संभावित नोक्सानी जुन खास समुदाय अथवा समाजको कुनैभावी कालखण्डमा घटित हुन सक्छ ।

**टिप्पणी**: विपद्जोखिमको परिभाषाले विपद्को अवधारणालाईवर्तमानमा निरन्तर जारी रहेका जोखिम अवस्थाहरुको परिणामको रुपमा झल्काउँछ । विपद्जोखिम भित्र धेरैखालका संभावित नोक्सानी पर्दछन्जसलाईप्राय: परिमाणमा व्याख्या गर्नगाह्रो पर्नेहुन्छ । तथापि विद्यमान प्रकोपहरुको ज्ञान र जनसंख्या तथा सामाजिक -आर्थिक विकासको ढाँचाका मद्दतले कमसेकम मोटामोटीरुमा विपद्जोखिमको लेखाजोखा तथा नक्शांकन गर्नसकिन्छ ।



# विपद् जोखिम व्यवस्थापन

प्रकोपका प्रतिकूल असरहरु एवं विपद्को संभावनालाईकम गर्नेध्येयका साथ तयार पारिएका रणनीति, नीति तथा सामना क्षमता अभिबृद्धिका कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि उत्प्रेरणा गर्ने प्रशासनिक निर्देशक सिद्धान्तहरु, सांगठनिक संरचना एवं व्यवहारिक सीप तथा क्षमताहरुको उपयोग गर्नेव्यवस्थित पद्धति ।


**टिप्पणी**: यो पदावली "जोखिम व्यवस्थापन" भन्ने अलि बढी सामान्य पदावलीको विस्तार हो र यसले विपद्जोखिमको विशेष सवाललाईसम्बोधन गर्दछ । विपद्जोखिम व्यवस्थापनले प्रकोपका प्रतिकूल असरहरुलाईविभिन्न क्रियाकलापहरु तथा उपायहरु जस्तैरोकथाम, अल्पीकरण एवं पूर्वतयारी मार्फत छल्ने, कम पार्नेवा स्थानान्तरण गर्नेसोच बनाउँछ ।



# विपद् जोखिम न्यूनिकरण

व्यवस्थित प्रयासहरुमार्फत विपद्जोखिमलाईअल्पिकरण गर्नेअवधारण, अभ्यास र प्रकृया ।
यस्ता प्रयासहरु विपद्हरुका कारक तत्वहरुका कुशल विश्लेषण को आधारमा प्रकोप सम्मुखता अल्पिकरण, जीउधनको संकटासन्नतामा क्रमिक सुधार, जमिन र वातावरणको सुझबुझपूर्ण व्यवस्थापन तथा प्रतिकूल घटनाहरुको लागि पूर्वतयारी तथा प्रतिकार्यक्षमताको अभिबृद्धि गर्ने कुरामा केन्द्रित रहन्छन् ।

**टिप्पणीः** संयुक्त राष्ट्रसंघद्वारा अनुमोदित ह्योगो कार्य-संरचनामा व्यवस्था गरेर विपद्का जोखिमहरुलाईन्यूनिकरण गर्नका लागि सन्२००५ मा विस्तृत उपाय आवलम्बन गरियो जसको अपेक्षित परिणामका रुपमा “विपद्बाट हुन सक्ने ज्यानको नोक्सानी तथा समुदाय एवं मुलुकको सामाजिक, आर्थिक र वातावरणीय पूँजीको नोक्सानीमा उल्लेख्य कमी ल्याउने भन्ने रहेको छ । राष्ट्रसंघीय निकायको रुपमा विपद्न्यूनिकरणका लागि अन्तर्राष्ट्रिय रणनीति (ISDR) को संयन्त्रले उक्त कार्य-संरचना कार्यान्वयन गर्नका लागि सरकारी, गैरसरकारी तथा नागरिक समुदायका संस्था वा प्रतिनिधिहरुको वीचमा सहयोग अभिवृद्धिको गतिशील गर्दछ । ख्याल गर्नुपर्नेविषय छ कि कहिलेकाहीँ “विपद्न्यूनिकरण” भन्नेशब्दावली पनि प्रयोग गरिन्छ, तर “विपद्जोखिम न्यूनिकरण” भन्ने शब्दावलीले हाल प्रचलित विपद्जोखिमकोस्वभाव र त्यस्ता जोखिमलाईन्यून पार्नका लागि चालु अवस्थाको क्षमता जस्ता विषयलाईअझ राम्रोसँगपहिचान गराउँछ ।



# विपद् जोखिम न्यूनिकरण योजना

सरकारी निकाय, सम्बन्धित क्षेत्र, संघसंस्था वा उद्योग-प्रतिष्ठानद्वारा तयार पारिने दस्तावेज जसमा विपद्जोखिमहरु न्यून गर्नलक्ष्यहरु र निर्दिष्ट उद्देश्यहरुको साथसाथैती उद्देश्य प्राप्तिका लागि सम्बद्ध कार्यगत प्रयासहरु समावेश हुन्छन्।

**टिप्पणी:** विपद्जोखिम न्यूनिकरण योजना ह्योगो कार्य-संरचनाबाट निर्देशित हुनपर्दछ। साथै सान्दर्भिक विकास योजना, श्रोत बाँडफाँड तथा योजनावद्ध कार्यक्रमहरुभित्र समाहित र संयोजित हुनुपर्दछ। राष्ट्रियस्तरको योजना हरेक तहका प्रशासनिकरुपले जिम्मेवार निकायप्रति निर्दिष्ट हुन जरुरी हुन्छ एवं विद्यमान सामाजिक तथा भौगोलिक परिवेशलाईआत्मसात गरेको हुनुपर्दछ। समयावधि तथा कार्यान्वयन र कोषको श्रोतको जिम्मेवारीलाईयोजनामा राम्रोसँग व्याख्या गरिएको हुनुपर्छ। संभव भएसम्म जलवायू परिवर्तनका अनुकूलन योजनाहरुसँग पनि समन्वय गरिनुपर्दछ।



# पूर्वचेतावनी प्रणाली

ठीक समयमा सार्थकरुपले सचेत बनाउने सूचना पैदा गर्नेर प्रवाह गर्नेआवश्यक क्षमताहरुको समूह जसले प्रकोपबाट खतरामा रहेका व्यक्ति, समुदाय वा संस्थाहरुलाईसही ढंगले तयार रहन र कार्यगर्नतथा संभावित क्षति वा नोक्सानीलाईपर्याप्त समयमा कम गर्नसमर्थगराउँछ ।

**टिप्पणीः** यो परिभाषाले प्रभावकारी प्रतिकार्यदेखि चेतावनीसम्मको सूचना प्राप्त गर्नआवश्यक तत्वहरुलाईसमेट्दछ । जनतामा केन्द्रित पूर्वचेतावनी प्रणालीले अनिवार्यरुपमा चारवटा महत्वपूर्ण तत्वहरुलाईअपनाएको हन्छ : जोखिमको ज्ञान, प्रकोपको अनुगमन, विश्लेषण तथा पूर्वानुमान, चेतावनी तथा सतर्कताको सूचना संचार वा संप्रेषण, एवं प्राप्त चेतावनीलाईउचित जवाफ दिनसक्ने स्थानीय क्षमता । अर्कोशब्दावली “छेउ देखि छेउ सम्मको चतावनी प्रणाली (end-to end warning system)” पनि प्रयोग गरिन्छ जसले चेतावनी प्रणालीले प्रकोप पहिचानदेखि समुदायको प्रतिकार्यसम्मका कदमहरु समेटिनुपर्नेआवश्यकता माथि जोड दिन्छ ।



# जीवपरिवृति पद्धतिका सेवाहरु

## जीवहरुबीचको अन्तरसम्बन्धबाट मनुष्य जाति र समुदायहरुले पाउने लाभ ।


**टिप्पणी:** यो परिभाषा सहस्राव्दी जीवपरिवृति पद्धति मूल्याकंन (Millennium Ecosystem Assessment) बाट साभार गरिएको हो । जीवहरुको अन्तरसम्बन्धले प्रदान गर्नसक्ने लाभहरुमा “नियमन सेवाहरु (Regulatory Services)” जस्तै: बाढी, सुख्खा, भूमिको गुणात्मक ह्रास तथा रोगहरुको नियमन; “प्रबन्धगत सेवाहरु (Provisioning Services)” जस्तै:खाद्यान्न र पानी; “सहायक सेवाहरु (Supporting Services)” जस्तै:माटोको रचना र खाद्य चक्र; एवं “सांस्कृतिक सेवाहरु (Cultural Services)”, मनोरञ्जनात्मक, आध्यात्मिक, धार्मिक तथा अन्य अभौतिक लाभहरु पर्दछन्। जमिन, जल र जीवित साधन-श्रोतको एकीकृत व्यवस्थापनले संरक्षण र दिगो उपयोगलाई प्रवर्द्धन गर्दछ र जीवहरुबीचको अन्तरसम्बन्धका सेवाहरु बहाल राख्दैविपद्जोखिम न्यूनिकरणमा सघाउ पुर्‍याउँछन् ।



# एल निनो–दक्षिणी समुद्री स्वभाव

उष्ण प्रदेशीय प्रशान्त महासागर र पृथ्वीको वायूमण्डलका वीचमा हुने जटिल अन्तरक्रिया जुन संसारका विभिन्न ठाउँमा सामुद्रिक तथा मौसमी स्वभावमा अनियमित ढंगले भइरहेको पविर्तनका परिणामको रुपमा घटित हुन्छ रमहिनैसम्म तटीय जीवन शैलीमा उतारचढाव, वर्षामा अनियमितता, बाढी, सुख्खा, हुरी लगायतको स्वाभावमा समेत गम्भीर असर पार्दछ ।

**टिप्पणी**: ENSO को एक खण्ड एल निनो भन्नाले इकवेडर, पेरु उत्तरी चिलीको तटीय क्षेत्र तथा प्रशान्त महासागरको पूर्वीभूमध्यरेखीय क्षेत्रमा समुद्री तापक्रम औसत भन्दा अति उच्च हुने अवस्थालाईजनाउँछ र अर्कोखण्ड “ला निना (La Niña)” भन्नाले ठीक वीपरित अवस्था अर्थात औसत भन्दा निकैकम तापक्रमको अवस्था जनाउँछ । दक्षिणी हलचल (Southern Oscillation) भन्नाले विश्वका विभिन्न खण्डमा मौसमी अन्तरले गर्दाविश्वव्यापीरुपमैहावाको चापमा आउने अप्रत्याशित परिवर्तनलाईबुझाउँछ ।



# आपत्कालीन व्यवस्थापन

आपत्कालीन अवस्थाका सम्पूर्णपक्षलाईसम्बोधन गर्नका लागि खासगरी पूर्वतयारी, प्रतिकार्यतथा प्रारम्भिक पुनर्लाभ योजना जस्ता विषयमा केन्द्रित साधन श्रोत तथा जिम्मेवारीहरुको सुगठन तथा व्यवस्थापन ।


**टिप्पणी:** आपत्कालीन वा आकस्मिक सेवाहरु भन्नाले विभिन्न संयन्त्रहरु जस्तैः नागरिक सुरक्षासँग सम्बद्ध प्रशासनिक निकाय, प्रहरि, अग्नि-नियन्त्रक, एम्बुलेन्स, स्वास्थ्य सहयोगीहरु र आकस्मिक उपचार सेवाहरु, रेडक्रस समाजहरु, एवं विद्युत आपूर्ति,यातायात, संचार लगायतका सेवा प्रदायक संस्थाहरुमा आकस्मिक सेवा कक्षहरु आदि पर्दछन् ।



# आपत्कालीन सेवाहरु

संकटकालीन अवस्थामा जनधनको सुरक्षा गर्नेतथा सेवा प्रदान गर्नेतोकिएको जीम्मेवारी तथा उद्देश्यहरु सहितका विशिष्ठकृत संस्थाहरुको समूह ।

**टिप्पणीः** आपत्कालीन सेवाहरु अर्न्तगत विभिन्न संस्थाहरु जस्तैःनागरिक प्रशासन, प्रहरी, बारुणशाला, एम्बुलेन्स, प्राथमिक तथा आपत्कालीन उपचार सेवाहरु, रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरु, तथा विशिष्टकृत सेवा प्रदायक संस्थाहरु जस्तैविद्युत, यातायात, संचार वा अन्य सेवाहरु आदि पर्दछन् ।



# वातावरणीय ह्रास

सामाजिक एवं पर्यावरणीय उद्देश्यहरु र आवश्यक्ताहरु परिपूर्तिगर्नसक्ने वातावरणीय क्षमतामा कमी ।

**टिप्पणी:** वातावरणीय ह्रासले गर्दाप्राकृतिक प्रकोपको आवृत्ति तथा तीव्रतामा बदलाव ल्याउन सक्छ र समुदायको संकटासन्नता वृद्धि गर्नसक्छ । मानव सृजित ह्रासका प्रकारहरु भन्नाले जमिनको दुरुपयोग, भू-स्खलन, मरुभूमिकरण, जंगलमा आगलागी, जैविक विविधताको नोक्सानी, झाडीको (mangrove) क्षति, जल-थल तथा वायूमा प्रदुषण, जलवायू परिर्वतन, समूद्री सतहमा चढाव तथा ओजोनतह पातलिने लगायत पर्दछन् ।



# वातावरणीय प्रभाव मूल्यांकंन

प्रस्तावित परियोजना वा कार्यक्रमबाट आउन सक्ने वातावरणीय परिणामका बारेमा मूल्यांकन गर्ने पद्धति जसलाईपरियोजना वा कार्यक्रमबाट उत्पन्न हुन सक्ने प्रतिकूल असरहरु न्यून गर्नेउद्देश्यका साथ योजना तर्जुमा र निर्णय प्रक्रियाको अभिन्न अंगको रुपमा आत्मसात्गरिएको हुन्छ ।


**टिप्पणी**: वातावरणीय असर लेखाजोखा भनेको एउटा नीतिगत सामग्री हो जसले अवधारणा निर्माण देखि निर्णय -प्रक्रिया सम्म वातावरणीय असरसम्बन्धी तथ्य एवं विश्लेषण प्रस्तुत गर्दछ । यसलाई राष्ट्रिय कार्यक्रम तय गर्नेर परियोजना स्वीकृत गर्नेप्रक्रिया देखि अन्तर्राष्ट्रिय विकास सहयोग आयोजनाहरुमा समेत व्यापक रुपमा उपयोग गरिन्छ । यस्तो खालको लेखाजोखाले विस्तृत जोखिम लेखाजोखा समेट्छ र पहिचान गरिएका समस्याका लागि समाधानहरु तथा विकल्पहरु प्रस्तुत गर्दछ ।



# सम्मुखता

प्रकोप क्षेत्रमा रहेका मानिस, धनमाल, संयन्त्र वा अन्य तत्वहरु जो तत्काल क्षति भोग्नु पर्ने अवस्थामा रहेका छन् ।

**टिप्पणीः** सम्मुखता कति छ भन्ने कुरा उक्त क्षेत्रमा रहने मानिसहरुको संख्या तथा धनमालको प्रकृतिमा निर्भर रहन्छ । यसलाईविश्लेषण गर्दासम्मुखतामा रहेको तत्वको खास प्रकोपप्रतिको खास संकटासन्नतालाईसमेत जोडेर हेर्नुपर्दछ तब मात्र प्रसंगको प्रकोप बाट त्यस क्षेत्रमा रहेको जोखिमलाईसही ढंगले आँकलन गर्नसकिन्छ ।



# विस्तीर्णवा व्यापक जोखिम

छरिएर रहेका जनसंख्याको दोहोरिरहने वा निम्न वा मध्यमस्तरको तीव्रतायुक्त प्रकोपप्रतिको सम्मुखतासँग संलग्न व्यापक जोखिम जो नितान्त स्थानीय प्रकृतिको हुन्छ र विपद्असर संचित गर्ने खालको हुन्छ ।


**टिप्पणी**: विस्तृत जोखिमको खासगरी त्यस्ता ग्रामीण वा शहरी क्षेत्रका समुदायको अवस्थालाई जनाउँछ जुन स्थानीय रुपमा पटक पटक दोहोरिरहने बाढी, पहिरो, हुरी वा सुख्खा आदिको संकटासन्नताप्रति सम्मुख रहेका हुन्छन् । विस्तृत जोखिम अधिकांशरुपमा गरिबी, शहरीकरण तथा वातावरणीय ह्राससँग सम्बद्ध हुन्छ । तीव्र जोखिम (Intensive risk) पनि हेर्नुहोस् ।



# पूर्वानुमान

आगामि समयमा कुनैपनि क्षेत्रमा घट्न सक्ने बलियो संभावनायुक्त घटना वा अवस्थाको बारेमा निश्चित कथन वा तथ्यांकमा आधारित अनुमान ।


**टिप्पणी:** मौसम विज्ञानमा पूर्वानुमान भन्नाले भावी अवस्थालाईइंगित गर्दछ । जबकि चेतावनीले विद्यमान भावी संकटको अवस्थालाईइंगित गर्दछ ।



# भौगर्भिक प्रकोप

पृथ्वी भित्र घटित हुने प्रक्रिया वा घटनाहरु जसका कारणले जनधनको नोक्सानी, आजीविका तथा सेवाहरुमा हानी, सामाजिक एवं आर्थिक क्षेत्रमा गतिरोधका साथसाथैवातावरणीय क्षति जस्ता परिणामहरु निस्कन्छन् ।


**टिप्पणी**: भौगर्भिक प्रकोपले पृथ्वीको भित्री सतहमा सञ्चालित हुने प्रक्रियालाईसमेट्दछ जस्तो कि भूकम्प, ज्वालामुखी एवं पहिरो, भू-स्खलन, धाँजा पर्ने, जमिनको सतह स्थानान्तरण हुने लगायतका भू-भौतिक प्रक्रियाहरु । यस्ता कतिपय प्रक्रियाहरुमा जल तथा मौसमविज्ञान सम्बद्ध कारक-तत्वहरुको महत्वपूर्णभूमिका रहन्छ ।
सुनामीलाईवर्गीकरण गर्नकठिन छ , यद्यपि सुनामी समुद्रमुनिको सतहमा आउने भूकम्प र अन्य भौगर्भिक घटनाहरुद्वारा अनुप्राणित हुन्छ , तटीय क्षेत्रमा जल-सम्बद्ध प्रकोपको रुपमा प्रसार हुनका लागि सुनामी अनिर्वायरुपमा एउटा सामुद्रीक प्रक्रियाको रुपमा पनि देखिन्छ ।



# हरितगृह ग्यासहरु

पृथ्वीको वायूमण्डलमा रहेका प्राकृतिक तथा मानव निर्मित ग्याँसहरु जसले पृथ्वीको सतह, स्वयं वायूमण्डल वा बादलद्धारा उत्सर्जित तापीय अवरक्त विकिरण सोस्ने र विकिरण उतसर्जन गर्ने गर्दछन् ।

**टिप्पणी:** उपरोक्त परिभाषा जलवायू परिवर्तका लागि अन्तरसरकारी समूह (IPCC) द्वारा तय भएको हो । प्रमुख हरितगृह ग्याँसहरुमा पानीको बाफ, कार्वन डाइअक्साइड, नासट्रस अक्साइड, मिथेन र ओजोन पर्दछन् ।



# प्रकोप

एउटा खतरनाम परिघटना, वस्तु, मानव क्रियाकलाप वा परिस्थिति जसका कारणले ज्यानको नोक्सानी, घाइते वा अन्य स्वास्थ्य सम्बन्धी असरहरु, धनमालको क्षति, आजीविका तथा सेवाहरुको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध, वा वातावरणीय ह्रास समेत

**टिप्पणीः** ह्योगो कार्य-संरचनाअन्तर्गत विपद्जोखिम न्यूनिकरणसँग सम्बद्ध प्रकोप भन्नाले पादटिप्पणी ३ मा बताइएअनुसार प्राकृतिक प्रकृतिका प्रकोप तथा वातावरणीय एवं प्रविधिगत प्रकोप र जोखिम रहेका छन्। यसखालका प्रकोपहरु विभिन्न भौगर्भिक, मौसम तथा जल-विज्ञान सम्बद्ध, सामुद्रिक, जैविकि एवं प्रविधिगत श्रोत बाट निसृत हुन्छन्र कहिलेकाहिँ संयुक्तरुपमा समेत सक्रिय हुन्छन् । प्राविधिक कसीमा राखेर हेर्दाप्रकोपलाईविभिन्न स्थानमा विभिन्न तीव्रताको घटनाको संभावित आवृत्तिको विश्लेषणद्वारा निर्देशित हुन्छन्। प्रकोप सम्बन्धी अन्य शब्दावलीहरुमा Biological Hazard, Geological Hazard, Hydrometerological Hazard, Natural Hazard, Socionatural Hazard एवं Technological Hazard पनि हेर्नुहोस् ।



# जल तथा मौसमविज्ञान सम्बद्ध प्रकोप

वायूमण्डलीय, जलविज्ञानसँग सम्बद्ध वा सामुद्रिक प्रकृतिको घटना वा प्रक्रिया जसका कारणले ज्यानको नोक्सानी, घाइते वा अन्य स्वास्थ्यसम्बन्धी असरहरु, धनमालको क्षति, आजीविका र सेवाहरुको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध वा वातावरणीय ह्रास समेत निम्त्याउँछ ।

**टिप्पणी**: जल तथा मौसमविज्ञान सम्बद्ध प्रकोप अन्तर्गत उष्ण-प्रदेशीय चक्रवातहरु (जो टाइफुन वा हरिकेनका नामले चिनिन्छन्) चट्याङ, असिना, टोर्नाडो, उच्च हिमपात, हिमआँधी, समुद्री तुफान, बाढी, सुख्खा, लु, शीतलहर आदि पर्दछन्। यी प्रकोपहरु अन्य खालका प्रकोपका लागि समेत कारण बन्न सक्दछन्जस्तो कि पहिरो, जंगली आगलागी, प्लेग, महामारी, तथा विषादी वस्तु एवं ज्वालामुखी फुट्दा निस्कने पदार्थहरुको प्रसार एवं वितरण ।



# सघन वा तीव्र जोखिम

उच्च प्रकोप घटनाका लागि गाढा जनघनत्व एवं आर्थिक गतिविधिको सम्मुखतासँग गाँसिएको जोखिम जसले गर्दामहाविपद्समेत निम्त्याउन सक्छ र ठूलो परिमाणमा जनधनको क्षति गराउन सक्छ ।


**टिप्पणी**: तीव्र जोखिमको खासगरी ठूला शहर अथवा सघन मानव-वस्तीका क्षेत्रहरुको अवस्थालाई जनाउँदछ जुन प्रवल भूकम्प, सक्रिय ज्वालमुखी, भारी बाढी, सुनामी वा आँधीबेहरी जस्ता तीव जोखिमहरुको सम्मुख रहेका छन्। "Extensive Risk" पनि हेर्नुहोस्।



# भू–उपयोग योजना

सार्वजनिक प्राधिकार प्राप्त निकायद्धारा भूमि उपयोगका लागि विभिन्न विकल्पहरुको पहिचान, मूल्यांकन र निक्यौंल गर्नेपद्दति जसअन्र्तगत दीर्घकालीन आर्थिक, सामाजिक तथा वातावरणीय उद्देश्यहरुका साथमा विभिन्न समुदायहरु र इच्छुक समूहहरुको जटिलतालाईध्यान दिने एवं स्वीकृत वा स्वीकार्यउपयोग विकल्प व्याख्या गर्नेगरी तद्नुरुपका योजना तर्जुमा तथा जारी गर्नेलगायतका कार्य पर्दछन् ।

**टिप्पणी**: भू-उपयोग योजनाले दिगो विकासमा महत्वपूर्णयोगदान दिन्छ । यसअन्तर्गत अध्ययन तथा नक्शांकन, आर्थिक, वातावरणीय एवं प्रकोप तथ्यांकको विश्लेषण, वैकल्पिक भू-उपयोग निक्यौंलहरुको तर्जुमाका साथैविभिन्न भौगोलिक तथा प्रशासनिकस्तरमा दीर्घकालीन योजनाका ढाँचाहरु तयार पार्नेलगायतका कार्यहरु पर्दछन् । भू-उपयोग योजनाको प्रकोप उन्मुख क्षेत्रमा यातायात मार्गका सेवाहरु, विद्युत आपूर्ति, खानेपानी, ढल निकास र अन्य आधारभूत सेवाहरुको निर्माण वा स्थापना तथा मानव वसोवासका गतिविधिलाईनिरुत्साहित गरेर विपद्अल्पीकरण एवं जोखिम न्यूनिकरणलाईसघाउ पुर्‍याउँदछ ।



# अल्पीकरण

प्रकोप तथा सम्बद्ध विपद्का प्रतिकूल असरहरुलाईकम पार्नेवा सीमित गराउने कार्यविधि ।

**टिप्पणी:** प्रकोपका प्रतिकूल असरहरुलाईपूर्णतः निषेध गर्नसकिंदैन, तर तिनीहरुको मात्रा र गम्भीरतालाईविभिन्न रणनीति तथा क्रियाकलापद्धारा बेसरी कम पार्नसकिन्छ । अल्पीकरण उपायहरुमा ईञ्जिनियरिङ्ग प्रविधि तथा प्रकोप-प्रतिरोधी निर्माण कार्यका साथसाथैसुदृढ वातावरणीय नीतिहरु एवं जनचेतना पर्दछन्। याद राख्नुपर्नेकुरा के छ भने जलवायू परिवर्तन नीतिमा अल्पीकरणलाईफरक ढंगले परिभाषित गरिएको छ त्यस अनुसार जलवायू परिवर्तको कारक-तत्वको रुपमा रहेको हरितगृह ग्याँसहरुका उत्सर्जनलाईन्यूनिकरण गर्नेसन्दर्भलाईबुझाउँदछ ।



# विपद्जोखिम न्यूनिकरणका लागि राष्ट्रिय मञ्च

विपद् जोखिम न्यूनिकरण कार्यहरु जो बहुपक्षीय हुन्छन्र राज्यभित्र रहेका सम्पूर्णसरोकारवाला संस्था वा निकाय जस्तो कि सार्वजनिक, नीजि एवं नागरिक समाजको सहभागिताजस्ता क्षेत्रमा एकअकासँग अन्योन्याश्रित ढंगले गाँसिएका हुन्छन्, तिनीहरुको समन्वय र नीतिगत निर्देशनका लागि राष्ट्रियस्तरको संयन्त्रका लागि प्रयुक्त हुने आधारभूत शब्दावली ।


**टिप्पणीः** यो परिभाषा ह्योगो कार्य-संरचना (Hyogo Framework) को पादटिप्पणी १० बाट साभार गरिएको हो । विपद्जोखिम न्यूनिकरणका लागि वृहत्क्षेत्र र संस्थाहरुका ज्ञान, क्षमता र राय आवश्यक हुन्छ जसमा मुलुक भित्र रहेका राष्ट्रसंघीय निकायहरु समेत पर्दछन्। विपद्बाट प्रायः क्षेत्रहरु प्रत्यक्ष वा अप्रत्यक्षहरुपमा प्रभावित हुन्छन्र धेरैक्षेत्रसँग विपद्जोखिमलाईसम्वोधन गर्ने जीम्मेवारी समेत हुने गर्छ। राष्ट्रिय मञ्चले विपद्जोखिमलाईन्यून पार्नेखालका राष्ट्रिय कार्यक्रमलाईसमुन्नत बनाउने साधन प्रदान गर्दछ, साथैराष्ट्रसंघीय विपद्न्यूनिकरण निकायका लागि राष्ट्रिय संयन्त्रको रुपमा समेत प्रतिनिधित्व गर्दछ ।



# प्राकृतिक प्रकोप

प्राकृतिक खालको प्रक्रिया वा घटना जसका कारणले ज्यानको नोक्सानी, घाइते तथा स्वास्थ्य सम्बन्धी अन्य असरहरू धनमालको क्षति, आजिविका तथा सेवाहरुको नोक्सानी, सामाजिक तथा आर्थिक गतिरोध वा वातावरणीय ह्रास निम्त्याउँछ ।

**टिप्पणी**: प्राकृतिक प्रकोप भनेको सम्पूर्णप्रकोपको एउटा हिस्सा हो । वास्तविक प्रकोप घटनाका साथसाथैभावी दिनमा प्रकोप घटनाहरुमा वृद्धि गराउन सक्ने अन्तर्निहित अवस्थालाईव्याख्या गर्नका लागि यो शब्दावली प्रयोग गरिन्छ । प्राकृतिक प्रकोपलाईत्यसको परिमाण वा तीव्रता, आक्रमणको वेग, अवधि तथा प्रभाव क्षेत्र विस्तारका आधारमा व्याख्या गर्नसकिन्छ । उदाहरणका लागि भूकम्पको अवधि छोटो हुन्छ र सधैंजसो तुलनात्मकरुपमा सानो क्षेत्रलाईप्रभावित पार्नेगर्दछ । जबकि सुख्खाको प्रकोप विस्तारैविकसित हुन्छ र प्रायः ठूलो क्षेत्रलाईप्रभावित पार्नेगर्दछ । कतिपय घटनामा प्रकोपहरु जोडिएर आउन सक्छन्जस्तो बाढीको कारकको रुपमा हरिकेन नामक आँधी वा सुनामी रहन सक्छन्जुन भूकम्पद्धारा सृजित हुन्छन् ।



# पूर्वतयारी

आसन्न वा जारी प्रकोप घटना वा अवस्थाका असरहरुबारे प्रभावकारी ढंगले अनुमान, प्रतिकार्यएवं पुनर्लाभ कार्यगर्नका लागि सरकारी तथा गैरसरकारी निकाय, समुदाय र व्यक्तिको तहमा समेत विकसित ज्ञान तथा क्षमता ।


**टिप्पणी**: पूर्वतयारी कार्यविपद्जोखिम व्यवस्थापनको सन्दर्भमा सञ्चालन गरिन्छ र यसले सबै खालका आपत्कालीन अवस्थालाईप्रभावकारी व्यवस्थापन गर्नआवश्यक क्षमताहरु निर्माण गर्ने तथा प्रतिकार्यदेखि दिगो खालका पुनर्लाभ चरणमा श्रृंखलाबद्ध विकास हासिल गर्नेकुरामा ध्यान दिन्छ । पूर्वतयारी कार्यविपद्जोखिमको सही विश्लेषण र पूर्वचेतावनी प्रणालीको सुदृढ समन्वयमा आधारित हुन्छ र यसले भैपरी अवस्थाको प्रबन्ध गर्नेउपकरणहरुको भण्डारण र आपूर्ति गर्ने; समन्वय, निस्क्रमण तथा सार्वजनिक सूचना सम्बन्धी उचित चाजोपाँजो मिलाउने र सम्बद्ध विषयमा तालिम तथा स्थलगत अभ्यास संचालन गर्नेलगायतका विषयलाईसमाहित गर्दछ । यी विषयगत क्षेत्रहरु औपचारिक रुपमा संस्थागत, कानूनी तथा आर्थिक क्षमताले सघाउने खालका हुनुपर्छ । यस्तैखाले अर्कोशब्द तयारी अवस्था (Readiness) ले चाहिँ आवश्यक परेको बेलामा तत्काल र सही ढंगले प्रतिकार्यगर्नसक्ने क्षमतालाईव्याख्या गर्दछ ।



# निवारण

## प्रकोप तथा सम्बद्ध विपद्का प्रतिकूल असरहरुलाईतत्काल छल्न सक्ने पद्धति ।


**टिप्पणी**: निवारण (अर्थात विपद निवारण) ले संभावित प्रतिकूल असरहरुलाईअग्रिम रुपमा संचालन गरिने कार्यक्रमहरुद्वारा पूर्णरुपले छल्ने वा प्रभावित नहुने अवस्थामा पुऱ्याउने धारणा तथा चाहनालाईअभिव्यक्त गर्दछ । उदाहरणको रुपमा बाढीको जोखिम हटाउनका लागि बाँध वा तट्बन्ध, उच्च जोखिम क्षेत्रमा बसोवासका लागि अनुमति नदिने सम्बन्धी भू-उपयोग नियम-विनियम, तथा भूकम्पीय जोखिमयूक्त क्षेत्रमा आवासहरुमा सेवा सुचारु राख्ने र जीवन रक्षाका लागि भूकम्पीय हिसाबले सुरक्षित भवन निर्माण कार्यआदिलाईलिन सकिन्छ । अधिकांश अवस्थामा पूर्णरुपमा क्षतिलाईरोक्नसक्ने संभावना रहँदैन र कार्यक्रमहरु अल्पीकरणका सोंचमा रुपान्तरित हुन्छन्। यसकारण आंशिकरुपमा "निवारण" र " अल्पीकरण" भन्ने शब्दावलीहरु समानार्थीरुपमा पनि प्रयोग गर्नेगरिन्छ ।



# संभाव्य विपद्जोखिम व्यवस्थापन

नयाँ तथा बढ्दो विपद्जोखिमलाईसम्बोधन गर्नेतथा असर छल्नका लागि संचालन गरिने व्यवस्थापकीय क्रियाकलापहरु ।

**टिप्पणी**: यो अवधारणा खासगरी विद्यमान जोखिम जसलाईवर्तमान समयमा व्यवस्थित र न्यूनिकरण गर्नसकिन्छ, त्यसमा भन्दा पनि जोखिम न्यूनिकरण नीति तथा कार्यक्रम अवलम्बन नगर्दाभावी दिनमा विकसित हुनसक्ने जोखिमलाईसम्बोधन गर्नेकुरामा केन्द्रित हुन्छ । Corrective Disaster risk Management पनि हेर्नुहोस् ।



# जनचेतना

विपद्जोखिम, विपद्निम्त्याउने कारक-तत्वहरु र प्रकोप सम्मुखता एवं संकटासन्नतालाईन्यून गर्ने खालका कार्यक्रमका बारेमा आमरुपमा जनमानसमा रहेको ज्ञानको स्तर ।

**टिप्पणी**: जनचेतना भनेको प्रभावकारी विपद्जोखिम न्यूनिकरणको महत्वपूर्णघटक हो । विभिन्न तरिकाहरु जस्तैः सञ्चार माध्यमहरुबाट सूचना प्रवाहमार्फत्, सूचना केन्द्र, संजाल एवं समुदाय र सहभागितामूलक कार्यक्रमको स्थापना तथा वरिष्ठ सार्वजनिक अधिकारी एवं समुदायका अगुवाहरुको तर्फबाट हुने पैरवी आदिमार्फत्जनचेतनाको विकास क्रमलाईउन्नत बनाउन सकिन्छ ।

# पुनर्लाभ

विपद्प्रभावित समुदायका लागि आधारभूत सेवाहरु, आजीविका र सुरक्षित जीवनको अवस्थालाई उपयुक्तताका आधारमा पुनर्स्थापना एवं सुधार गर्नेएवं विपद्जोखिमका कारकहरुलाईन्यून गर्ने प्रयत्नहरु सहितको प्रक्रिया ।

**टिप्पणी**ः पुनर्वास तथा पुनर्निमण सम्मिलित पुनर्लाभ कार्यआपत्कालीन अवस्थाको अन्त्यसँगै तुरुन्तैप्रारम्भ हुन्छ र यस्तो कार्यपुनर्लाभ योजनाका लागि सुस्पष्ट संस्थागत उत्तरदायित्वलाई सहजीकरण गर्नेर जनसहभागितालाईसक्षम बनाउने प्रयोजनका लागि पहिलेदेखि विद्यमान रणनीति एवं नीतिहरुमा आधारित हुनुपर्छ। विपद्पश्चात्उच्च जनचेतना र सहभागिता संग गाँसिएर सञ्चालन गरिने पूनर्लाभ कार्यक्रमहरुले विपद्जोखिम न्यूनिकरणका उपायहरु विकास र कार्यान्वयन गर्नमूल्यवान अवसर प्रदान गर्दछ र “पछिको राम्रो निर्माण” को सिद्धान्तलाईलागू गर्दछ ।

# अवशिष्ट जोखिम

यस्तो खालको जोखिम जुन प्रभावकारी विपद्जोखिम न्यूनिकरणका विधिहरु चालु राख्दा पनि व्यवस्थित हुन नसकेको अवस्थामा रहेका छन्र जसका लागि आपत्कालीन प्रतिकार्यर पुनर्लाभका क्षमताहरुलाई निरन्तरता राख्नैपर्ने हुन्छ ।


**टिप्पणीः** अवशिष्ट जोखिमको उपस्थितिको अर्थआपत्कालीन सेवा, पूर्वतयारी, प्रतिकार्यर पुनर्लाभका साथसाथैसामाजिक-आर्थिक नीतिहरुसमेतका लागि प्रभावकारी क्षमता विकास र सघाउ पुऱ्याउन अविच्छिन्न प्रयत्नको जरुरी छ भन्ने बुझिन्छ ।



# उत्थानशीलता

प्रकोपको सम्मुखमा रहेका कुनै पनि प्रणाली, समुदाय वा समाजसँग अन्तर्निहित क्षमता जसले अत्यावश्यक आधारभूत संरचना र कार्यप्रणालीलाईसंरक्षण र पुनर्स्थापनामार्फत प्रकोपका असरलाई समयमैकुशलतापूर्वक प्रतिरोध, समायोजन, समाहित तथा पुनर्लाभ कार्य गर्न समर्थ गराउँछ ।

**टिप्पणी:** उत्थानशीलता भन्नाले प्रकोपको धक्का वा आघातबाट तत्काल उठ्न सक्ने वा पूर्वावस्थामा फर्कन सक्ने क्षमतालाईजनाउँछ । संभाब्य प्रकोप घटनाको सन्दर्भमा समुदायको उत्थानशीलता मापन गर्दासमुदायसँग रहेको आवश्यक साधन श्रोतको परिमाण र स्तर तथा जरुरी परेको बेलामा र त्यसअघि पनि समुदायले आफुलाईव्यवस्थित गर्नसक्ने क्षमता लाईध्यान दिनु पर्नेहुन्छ ।



## प्रतिकार्य

विपद्को अवधि वा त्यसपश्चात्तत्काल जीवन रक्षा गर्ने, स्वास्थ्य सम्बन्धी असरहरु न्यून गर्ने, आम नागरिकको सुरक्षा सुनिश्चित गर्नेतथा प्रभावित व्यक्तिहरुको आधारभूत जीवकोपार्जनका खाँचोहरु पूर्तिगर्नेप्रयोजनका लागि आपत्कालीन सेवाहरु एवं नागरिक सहायताका प्रावधान ।


**टिप्पणी**: विपद् प्रतिकार्य मुख्यत: तत्काल एवं अल्पकालीन आवश्यक्ताहरुमा केन्द्रित रहन्छ र कहिलेकाहिँ यसलाई “विपद् राहत” को संज्ञा पनि दिइन्छ । प्रतिकार्यचरण र त्यसको उत्तरवर्ती पुनर्लाभ चरणबीचमा ठयाक्कैविभाजनको रेखा कोर्नगाह्रो छ । केही प्रतिकार्यगतिविधिहरु जस्तो कि अस्थायी आवासको व्यवस्था तथा खानेपानी आपूर्तिआदि पूनर्लाभको चरणमा समेत विस्तारित हुन सक्छन् ।



# प्रवलीकरण

विद्यमान संरचनालाईप्रकोपका घातक प्रभावहरु प्रतिरोध गर्नसक्ने वा तीप्रति उत्थानशील रहन सक्ने ध्येयले अवलम्बन गरिने सबलीकरण वा गुणस्तर-वृद्धिको पद्धति ।

**टिप्पणी**: प्रवलीकरणअन्तर्गत संरचनाको डिजाइन एवं कार्यप्रणाली, कुनैखास प्रकोप-घटना वा प्रकोप-दृश्यावलीमा संरचनाले थेग्नपर्नेभार तथा प्रवलीकरणका विभिन्न विकल्पहरुको व्यवहारिकता एवं आर्थिक पक्षलाईध्यान दिनु आवश्यक पर्दछ । उदाहरणको रुपमा ठाडो गारोमा तेर्सोपट्टी बाँध्ने, पिलरलाईथप मजबुत बनाउने, अत्यावश्यक सेवा तथा उपकरणहरुलाईसुधार गर्नेलगायतका कार्यलाईलिन सकिन्छ ।



# जोखिम

कुनैपनि प्रकोप घटनाको संभाब्यता र त्यसका नकारात्मक परिमाणहरुको समग्र अवस्था ।

**टिप्पणी:** यो परिभाषा ISO/IEC Guide 73 बाट निर्देशित छ । जोखिम शब्द दुईवटा अलग भावसहित उपस्थित हुन्छ । जनजिब्रोको बोलीमा घटना हुनसक्ने संयोग वा संभावना जस्तै दुर्घटनाको जोखिम भन्ने अर्थलाईजोड दिइन्छ जबकि प्राविधिक पृष्ठभूमिमा कुनैखास कारक-तत्व स्थान वा समयावधिमा हुन सक्ने संभावित क्षतिको अर्थमा घटनाको परिणामहरुमाथि जोड दिइन्छ । यस सन्र्दभमा के कुरा देख्न सकिन्छ भने विभिन्न जोखिमहरुको अवस्था र त्यसका अन्तर्निहित कारणहरुका बारेमा आम जनसमुदायको एउटैधारणा नरहन सक्छ ।



# जोखिम मूल्यांकन

संभावित प्रकोपहरुको विश्लेषण गरेर तथा जोखिमको सम्मुख रहेका जनसमुदाय, धनमाल, सेवा-सुविधाहरु, जीवनका आधारहरु अर्थात आजीविकाका क्षेत्रहरु एवं उनीहरु आश्रित रहने वातावरणलाईहानी पुऱ्याउने बलियो संभावनासहितको संकटासन्नताको विद्यमान अवस्थाको मूल्यांकन गरेर जोखिमको प्रकृतिका साथैस्तर निर्धारण गरिने विधि वा पद्धति ।

**टिप्पणी**: जोखिम लेखाजोखा तथा संलग्न जोखिम नक्शांकनले निम्न क्षेत्र समेट्छ :

- प्रकोपका प्राविधिक विशेषताहरु जस्तैः स्थान, तीव्रता, आवृति र संभावनाको पुनरावलोकन
- भौतिक, सामाजिक, आर्थिक, वातावरणीय तथा स्वास्थ्यसम्बन्धी आयामहरु लगायतका सम्मुखता एवं संकटासन्नताको विश्लेषण,
- संभाव्य जोखिम अवस्थाका लागि विद्यमान तथा बैकल्पिक सामना क्षमताको प्रभावकारिताबारे मूल्यांकन



# जोखिम व्यवस्थापन

संभावित हानी एवं क्षतिलाईकम पार्नअनिश्चितताको अवस्थालाईव्यवस्थित गर्ने सिलसिलावद्ध उपागम तथा अभ्यास ।

**टिप्पणी**: जोखिम व्यवस्थापनभित्र जोखिम लेखाजोखा र विश्लेषण तथा जोखिमलाईनियन्त्रित, न्यूनिकृत र स्थानान्तरण गर्नेखालका रणनीति एवं विशिष्ट क्रियाकलापहरुको कार्यान्वयन गर्नेपक्ष समाविष्ट हुन्छन् । विभिन्न संस्थाहरुले यो अवधारणलाईनिवेश योजनाका जोखिम घटाउन देखि कार्यकारी जोखिमहरु जस्तै व्यवसाय वा धन्दामा गतिरोध उत्पादन असफलता, वातावरणीय क्षति, सामाजिक असरहरुका साथै आगलागी एवं प्राकृतिक प्रकोपबाट हुने क्षतिहरु संबोधन गर्नेसम्मका अवस्थामा व्यापकरुपमा अभ्यास गर्ने गरिएको छ । जोखिम व्यवस्थापन विभिन्न क्षेत्रहरु जस्तैखानेपानी आपूर्तिउर्जातथा उच्च मौसमी एवं जलवायू परिर्वतन ले प्रत्यक्ष उत्पादकत्वमा प्रभाव पर्नेकृषि क्षेत्रको अन्तरंग विषयवस्तु हो ।



# जोखिम स्थानान्तरण

कुनै खास जोखिमका वित्तीय परिणामहरुलाई औपचारिक वा अनौपचारिक ढंगले एक पक्षबाट अर्को पक्षमा स्थानान्तरण गर्ने प्रक्रिया जस अन्तर्गत परिवार समुदाय, व्यवसाय वा राज्यका निकायले अर्को पक्षलाई निरन्तर वा क्षतिपूर्तिको रुपमा दिइएको सामाजिक तथा वित्तीय लाभको सट्टामा विपद् घटनापश्चात्दोस्रो पक्षबाट विविध स्रोत-साधन प्राप्त गर्नसक्छन् ।


**टिप्पणी:** बीमा जोखिम स्थानान्तरणको एउटा सुपरिचित स्वरुप हो जसमा बीमाकर्ताबाट निरन्तर भुक्तान गरिएको प्रिमियमको बदलामा जोखिमको क्षतिपूर्तिप्राप्त गर्नसकिन्छ । जोखिम स्थानान्तरण अनौपचारिक रुपमा परिवारभित्र वा सामुदायिक संजालमा संभव हुनसक्छ जहाँ पारस्पारिक सहयोग र अपेक्षाहरु पूर्तिहुन्छन्। औपचारिकरुपमा सरकार, बीमा संस्था, बहुउद्देश्यीय बैकहरु तथा जोखिम शमन गर्नेठूला संस्थाहरुले ठूला-ठूला घटनामा हुने क्षतिलाईसामना गर्नसघाउ पुऱ्याउने हेतुले संयन्त्रहरु स्थापना गर्दछन्। यस्ता संयन्त्रहरु भन्नाले बीमा तथा पुनर्बीमा करार, महाविपत्ती ऋृण-पत्र, भैपरी अवस्थाका लागि ऋृण सुविधा तथा संचित कोष लगायत पर्दछन् ।



# सामाजिक–प्राकृतिक प्रकोप

प्राकृतिक प्रकोप र ह्रासोन्मुख भमि तथा वातावरणीय श्रोतकाबीचमा हुने अन्तर्क्रियाबाट सृजना हुने बाढी, पहिरो, भूस्खलन तथा सुख्खा लगायतका भू-भौतिक तथा जल एवं मौसमविज्ञान सम्बद्ध प्रकोप घटना बढ्दो मात्रामा घटित हुने अवस्था ।

**टिप्पणी**: यो शब्दावलीको प्रयोग मानव कृयाकलापले गर्दाकतिपय प्रकोपहरुको आवृत्ति प्राकृतिक रुपमा घटित हुने संभावनाको हद नाघेर अत्यधिक बढिरहेको अवस्था जनाउनका लागि गरिन्छ । प्रमाणहरुले यस्ता प्रकोपबाट विपद्को भार वृद्धि भइरहको देखाउँछन्। भूमि र वातावरणीय श्रोतको सुझबुझपूर्णव्यवस्थापनले सामाजिक-प्राकृतिक प्रकोपलाईन्यूनिकरण गर्नर छल्न सकिन्छ ।





# संरचनागत तथा गैर–संरचनागत उपायहरु

**संरचनागत उपायहरुः प्रकोपका संभावित असरहरुलाईन्यून पार्नतथा छल्नका लागि गरिने कुनै पनि भौतिक निर्माणको कार्य, अर्थात संरचना वा प्रणालीमा प्रकोप प्रतिरोधी क्षमता तथा उत्थानशीलता हासिल गर्नप्रयोग गरिने ईञ्जिनियरिङ्ग प्रविधि ।**

**गैर-संरचनागत उपायहरुः जोखिम र तिनका असरहरु न्यून पार्नेयस्ता उपाय जसमा भौतिक निर्माणलाईसंलग्न गर्नेनभईनीति-नियम तथा कानुनी प्रावधान, जनचेतना अभिवृद्धि, प्रशिक्षण एवं शिक्षा कार्यक्रममार्फत ज्ञान, अभ्यास र समझदारीको प्रयोग गरिन्छ ।**


**टिप्पणीः** विपद्जोखिम न्यूनिकरणका लागि सामान्य संरचनागत उपायहरुअन्तर्गत बाँध, तटबन्ध, समुद्री छाल रोक्न छेका, भूकम्प -प्रतिरोधी भवन निर्माण तथा निष्क्रमण आवास आदि पर्दछन् । त्यस्तै, सामान्य गैर-संरचनागत उपायहरुमा भवन निर्माण संहिता, भू-उपयोग योजना सम्बन्धी कानुनी प्रावधान तथा तिनको कार्यान्वयन, अनुसन्धान एवं लेखाजोखा, सूचना श्रोत, तथा जनचेतनाका कार्यक्रमहरु पर्दछन्। ख्याल गर्नुहोस कि सिभिल तथा संरचनात्मक इञ्जिनियरिङ्गमा संरचनागत भन्ने शब्दावलीको योग केवल भारवाहक संरचनामा बढी सीमित गरिएको पाइन्छ र अन्य अंशहरु जस्तो Wall Cladding र भित्री फिटिङ्गहरुलाईगैर-संरचनागत नामाङ्कन गरिन्छ ।

# दिगो विकास

वर्तमान आवश्यकता एवं पूर्तिगर्नेयस्तो विकास जसमा भावी पुस्ताको आवश्यकताहरु पूर्तिगर्ने क्षमतासँग सम्झौता गरिंदैन ।


**टिप्पणी**: १९८७ को ब्रन्टल्याण्ड आयोगद्धारा रचित यो परिभाषा अत्यन्त संक्षिप्त एवं सारगर्भित छ तर यसले विकास भन्ने शब्दको अर्थसँग सम्बद्ध सामाजिक, आर्थिक एवं वातावरणीय प्रक्रियाका सन्दर्भमा कैयन सवालहरु अनुत्तरित छोडेको छ । विपद्जोखिम भन्ने कुरा विकासका दिगोपन विरोधी तत्वहरु जस्तैः वातावरणीय ह्रास जस्ता कुरासँग गाँसिएको हुन्छ र अर्कोअर्थहेर्दाविपद् जोखिम न्यूनिकरणले न्यूनिकृत क्षति र सुधारिएका विकास अभ्यासमार्फत दिगो विकास हासिल गर्न महत्वपूर्ण योगदान दिन्छ ।



# प्रविधिगत प्रकोप

दुर्घटना, खतरनाक कार्यविधि आधार संरचना नाकाम हुनु वा खास खालका मानव क्रियाकलाप लगायतका प्रविधिगत तथा औद्योगिक अवस्थाबाट उत्पन्न हुने प्रकोप जसले गर्दाजीवन क्षति, घाइते, विरामी वा अन्य स्वास्थ्य सम्बन्धी असर, धनमालको नोक्सानी, जनजीविका र आधारभूत सेवाहरुमा प्रभाव, सामाजिक तथा आर्थिक गतिरोध, अथवा वातावरणीय क्षति निम्त्याउँछ ।

**टिप्पणी**ः प्रविधिगत प्रकोपका उदाहरणमा औद्योगिक प्रदूषण, आणविक विकिरण, विषालु रद्दी चीज, बाँध भत्कनु, यातायात दुर्घटना, कारखानामा हुने विष्फोटन, आगलागी तथा रासायनिक चुहावट पर्दछन्। प्रविधिगत प्रकोपहरु प्रत्यक्षतः प्राकृतिक प्रकोप घटनाका असरका परिणामको रुपमा पनि उत्पन्न हुन सक्छन् ।



# संकटासन्नता

कुनैसमुदाय, प्रणाली वा पूँजीका विशेषताहरु एवं परिवेश जसले तिनीहरुलाईप्रकोपका घातक प्रभावहरुको सम्मुख पुऱ्याउँछन् ।

**टिप्पणी**: संकटासन्नताका विभिन्न पक्षहरु जस्तैभौतिक, सामाजिक, आर्थिकदेखि वातावरणीय कारकहरु समेत छन् । उदाहरणको रुपमा भवनहरुको कमजोर डिजाइन र निर्माण, पूँजीको अपर्याप्त संरक्षण, सार्वजनिक सूचना र चेतनाको अभाव, जोखिम र पूर्वतयारीका उपायहरुमा आधिकारीक निकायहरुको सीमित चासो, तथा सुझवुझपूर्णवातावरणीय व्यवस्थापनप्रति उपेक्षा आदि पर्दछन् । संकटासन्नता समुदायभित्र र समयअनुसार उल्लेख्यरुपमा परिवर्तित हुन्छ । यस परिभाषामा संकटासन्नतालाईसमुदाय, प्रणाली वा पूँजीको विभिन्न विशेषताहरुको रुपमा पहिचान गरिएको छ जुन सम्मुखतासँग असम्वद्ध छ । जवकि सामान्य प्रयोगमा संकटासन्नतालाईबढी व्यापक ढंगले समुदाय, प्रणाली वा पूँजीको सम्मुखतालाईसमेत समेटेर हेरिन्छ ।

* यस्तो संकेत भएका पदावलीहरु उदीयमान नविन अवधारणहरु हुन्जुन हाल त्यति व्यापक प्रयोगमा छैनन्तर पेशागत सान्दर्भिकताका हिसावले महत्वपूर्णछन्, तिनीहरुका परिभाषा अझैपरामर्शका चरणमा छन्र आगामि दिनमा परिवर्तित स्वरुपमा आउन सक्छन् ।



ISDR

United Nations
International Strategy for Disaster Reduction

UNISDR welcomes this partnership effort in simplified disaster risk reduction terminology. This terminology is adapted to country contexts for ensuring better understanding of disaster risks amongst communities. It is not meant to be used for legal or other purpose of any official nature.

The original English terminology, developed by the United Nations International Strategy for Disaster Reduction (UNISDR) is available at: www.unisdr.org/publications

NSET

**ADRRN Secretariat:**
MERCY Malaysia, Level 2,
Podium Block, City Point,
Kompleks Dayabumi, Jalan
Sultan Hishamuddin,
P.O. Box 11216
50050 Kuala Lumpur
Malaysia
Web: www.adrrn.net

**National Society for Earthquake Technology-Nepal (NSET)**
Sainbu V.D.C. Ward No. 4,
Bhainsepati Residential Area,
Lalitpur, P.O.Box: 13775,
Kathmandu, Nepal
Web: www.nset.org.np